# ‘डिजिटल’ हिंसा रोक्न सरकार प्रतिबद्ध छ : सञ्चारमन्त्री

काठमाडौं(जस)-सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बदलिँदो परिवेशमा प्रविधिको विकाससँगै महिला तथा बालिकामाथि हुने ‘डिजिटल’ हिंसा रोक्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

‘लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान’ को मंगलबार यहाँ शुभारम्भ गर्दै उनले महिला र बालिकाविरुद्ध हुने डिजिटल हिंसा अन्त्यका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिए । यस वर्षको यो दिवसको विश्वव्यापी नारा सान्दर्भिक रहेको भन्दै उनले डिजिटल दुनियाँ अब दैनिक जीवनभन्दा अलग नरहेको बताऐ ।



प्रविधिले सिकाइ र कामलाई सहज बनाए पनि धेरै महिला तथा किशोरीका लागि यो क्षेत्र अझै पनि जोखिमपूर्ण र असुरक्षित रहेको औँल्याउँदै मन्त्री खरेलले “अनलाइन उत्पीडन, साइबर स्टकिङ, अनुमति बिना तस्बिरको प्रयोग, घृणा फैलाउने अभिव्यक्ति र ट्रोलिङले त्रास र धम्की सिर्जना गर्छ,” भने ।सञ्चार मन्त्रालयको लक्ष्य पूर्वाधार निर्माण र सेवा विस्तारमा मात्र सीमित नभई प्रत्येक नेपाली नागरिकका लागि सुरक्षित, समावेशी र सशक्तीकरण गर्ने ‘डिजिटल इकोसिस्टम’ निर्माण गर्नु भएको बताउँदैमन्त्री खरेलले भने, “जब हाम्रो आधा जनसङ्ख्या अनलाइनमा सुरक्षित महसुस गर्दैनन्, तब हाम्रो डिजिटल प्रगतिलाई पूर्ण वा निष्पक्ष मान्न सकिँदैन ।”उनले राष्ट्रिय साइबर सुरक्षा केन्द्रले जनचेतना अभिवृद्धिका काम गरिरहेको र हालै राष्ट्रिय एआई सेन्टरको स्थापना हुनुले डिजिटल नेपाल निर्माणप्रतिको सरकारको प्रतिबद्धता प्रतिविम्बित भएको बताए ।

डिजिटल हिंसाविरुद्धको लडाइँ सरकार एक्लैले जित्न नसक्ने भन्दै मन्त्री खरेलले कानुनी र नीतिगत ढाँचालाई बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले पीडितलाई न्याय दिलाउन र पीडकलाई जवाफदेही बनाउन साइबर कानुनको समीक्षा गरिने जानकारी दिए । साथै, शिक्षा क्षेत्रसँग सहकार्य गर्दै पाठ्यक्रममा डिजिटल साक्षरता समावेश गर्ने, निजी क्षेत्र र नवप्रवर्तनलाई सुरक्षित प्लेटफर्म विकास गर्न प्रोत्साहन गर्ने तथा तीनवटै तहका सरकार, संयुक्त राष्ट्रसङ्घ र नागरिक समाजसँग सहकार्य बढाउने योजना पनि उनले अघि सार्नुभयो ।

# मेलम्ची आयोजना प्रभावित क्षेत्रको पूर्वाधार निर्माणमा समन्वय गर्न समिति गठन



काठमाडौं(जस)-सरकारले मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रको पूर्वाधार विकाससँग सम्बन्धित विषयमा अनुगमन, अन्तरनिकायगत समन्वय तथा सहजीकरण गर्न समिति गठन गरेको छ। यही मङ्सिर ८ गतेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्र अनुगमन, समन्वय एवं सहजीकरण समिति गठन गर्ने निर्णय गरेको हो ।

बैठकले नेपाल प्रहरीको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने, आव २०८२/०८३ मा वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमका लागि अधिकृतस्तरको ३७ अस्थायी दरबन्दी स्वीकृत गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए। सरकारले संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा २०८१ असार २४ भन्दा अगावै जलविद्युत् उत्पादनका लागि सर्वेक्षण अनुमतिपत्र प्राप्त गरिसकेका वा ऊर्जा खरिद सम्झौता सम्पन्न भएका आयोजनाहरूको वातावरणीय अध्ययन सहमति, स्वीकृति तथा राष्ट्रिय बनको जग्गा प्रयोग गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरेको छ ।

संरक्षित क्षेत्रभित्र पेट्रोलियम पाइपलाइन, पर्यापर्यटन र स्थानीय जनताको जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध राखे खानेपानी, बाटोघाटो, पुलपुलेसा, सिँचाइ, सञ्चार, सार्वजनिक यातायात, विद्युत् प्रसारण लाइन, स्वास्थ्य सेवा जस्ता आधारभूत सेवा र सुविधासँग सम्बन्धित कार्यहरूको लागि मात्र वातावरणीय अध्ययन सहमति दिने मन्त्रिपरिषद्को निर्णय छ ।

बैठकले ती पूर्वाधार निर्माणका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने वा सट्टाभर्ना जग्गा लिने प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ । सरकारले अन्तरराष्ट्रिय आणविक ऊर्जा एजेन्सीको आयोजनामा यही मङ्सिर १५ देखि १९ गतेसम्म चीनको बेइजिङमा हुने अन्तरराष्ट्रिय ऊर्जा एजेन्सीसम्बन्धी कार्यक्रममा सचिव (विज्ञान प्रविधि) विश्ववावु पुडासैनीलाई सहभागिताको लागि स्वीकृति दिएको छ । बैठकले राष्ट्रिय योजना आयोगका सचिव गोकर्णमणि दुवाडीको यही मङ्सिर १० गतेदेखि हुने अवकाश स्वीकृत तथा नेपाल पानी जहाज कार्यालयमा कार्यरत सहसचिव प्रेमकुमार सिंहले पेस गर्नु भएको राजीनामा स्वीकृत गरेको छ ।

# नेपालमा पहिलोपटक बाथरोगको ‘जेनेटिक’ परीक्षण सुरु




काठमाडौं(जस)-नेपालमा पहिलोपटक बाथरोगको अनुवाङ्शिक ‘जेनेटिक’ कारण पत्ता लगाउन नयाँ तीनवटा परीक्षणको सुरु गरिएको छ । नेक्स जेन ल्याब सोलुसनले तीन किसिमका बाथरोग पत्ता लगाउन तीन किसिमका जेनेटिक परीक्षणको सुरुआत गरेको हो ।

सोलुसनका प्रबन्ध निर्देशक नरेश पाण्डेले नेपालमा पहिलोपटक नेपालमा बाथ रोग पहिचानका लागि नयाँ तीन परीक्षण सुरु गरिएको जानकारी दिए । उनका अनुसार बाथरोथ पहिचानका लागि ‘ एचएलए-डिआरफोर’, ‘एचएलए-बी५१’, ‘एचएलए-बी२७ तीन प्रकारका परीक्षण भित्र्याएको हो । उनले उक्त विधिबाट बाथरोगको सुरुआती अवस्थामा नै रोग पत्ता लगाउन सकिने भएकाले बिरामीलाई उपचार गर्न सजिलो हुने बताए। ती परीक्षणबाट बाथ रोगको पहिचान चाँडै गरेपछि बिरामीले लामो समयसम्म औषधि सेवन गर्न नपर्ने प्रबन्ध निर्देशक पाण्डेले बताए ।

यसअघि बाथ रोग पत्ता लगाउन ती तीन प्रकारका परीक्षण गर्न विदेश नमूना विदेश पठाउनु पर्दथ्यो । ‘एचएलए-डिआरफोर’ अमेरिका र ‘एचएलए-बी५१’ तथा ‘एचएलए-बी२७ को परीक्षण भारत पठाउनु पर्दथ्यो । बाथ रोग सेन्टरका बाथरोग विशेषज्ञ डा सुधिर कर्माचार्यले बाथरोग पहिचान गर्न तीन प्रकारका परीक्षण नेपालमा हुने भएपछि बिरामीको उपचारमा पनि सहज हुने बताए । अब परीक्षण नेपालमा हुने भएपछि बिरामीको परीक्षण गर्न विदेश पठाउनुपर्ने झन्झट हटेको छ ।

विशेषज्ञ डा कर्माचार्यका अनुसार नेपालमा कुल जनसङ्ख्याको २८ प्रतिशतलाई कुनै न कुनै बाथरोग लाग्ने गरेको छ । धेरैजसोलाई गठिया र युरिक एसिड जस्ता बाथरोग लाग्ने गरेको उनको भनाइ छ । बाथरोग लागेकामध्ये १० प्रतिशतको मात्र समयमा नै उपचार हुने गरेको छ । विशेषज्ञ डा कर्माचार्यले बाथरोग लाग्ने बित्तिकै थाहा पाएमा केही महिनाको औषधि सेवन गरेपछि निको हुने बताए । उनले बाथरोग फैलिँदै गयो भने बिरामीले जीवनभर औषधि खाएर बाथरोगलाई नियन्त्रण गर्नुपर्ने बताए ।

# दर्ज्यानी चिह्न प्रदान

काठमाडौं(जस)-मन्त्रिपरिषद्को यही मङ्सिर ५ गतेको निर्णयअनुसार उपरथीमा विशेष बढुवा पाउनुभएका सहायक रथी कृष्णप्रसाद भण्डारीलाई प्रधान सेनापति अशोकराज सिग्देलले मंगलबार जङ्गी अड्डामा आयोजित एक कार्यक्रममा उपरथी दर्जाको दर्ज्यानी चिह्न प्रदान गरेका छन् ।

सोही कार्यक्रममा प्रधान सेनापतिले सहायक रथी र महासेनानीमा पदोन्नति हुनुभएका महासेनानी तथा प्राविधिक प्रमुख सेनानीलाई पनि दर्ज्यानी चिह्न प्रदान गरेको जन सम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।


## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मुसिकोट, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०८/१०**

उपरोक्त सम्वन्धमा यस कार्यालयवाट वहुतले पार्किङ भवन सम्बन्धी मिति २०८२/०५/२४ गते प्रकाशित सूचना वमोजिम दर्ता हुन आएका वोलपत्रहरु मुल्यांकन हुंदा तपसिल वमोजिमको वोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) वमोजिम न्युन मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई मिति २०८२/०८/०८ गतेको वोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार स्वीकृतिका लागि छनौट भई सिफारिश भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण | बोलपत्र संख्या | वोलपत्रदाता | वोल कवोल रकम (मू.अ. कर सहित) | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1 | Construction of Multistorey Parking Building (Above Basement) | NCB/MM/Ruk.W/ W1S2E_082/083/01 | M/S Bhawana Architect and Builder Pvt.Ltd., Chandragiri 12, Balambu | 4,02,56,320.39 | 18.67% Less |

**प्रमुख प्रशासकीय अधिकृत**


# लगानी प्रवर्द्धनका लागि खुलेका सरकारी संस्थाहरुले परिणाम दिन सकेनन् : महासंघ अध्यक्ष ढकाल



काठमाडौं(जस)-काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारबाट लगानी प्रवर्द्धन गर्ने भनेर तयार गरेका कतिपय संस्थाहरु केवल रोजगारी दिनेमा मात्रै सिमिति भएको बताएका छन् । मंगलबार काठमाडौंमा ११ औं राष्ट्रिय उद्योग दिवसको अवसरमा आयोजित कार्यक्रममा उनले नेपाल सरकारबाट लगानी प्रवर्द्धन गर्ने भनेर तयार गरेका संस्थाहरु केवल रोजगारीसम्म मात्र सिमित रहेको भन्दै लगानी प्रवर्द्धन गर्ने हिसाबले परिणाम दिनुपर्ने संस्थाहरुले त्यो हिसाबले काम गर्न नसकेको बताए ।

उनले भने, ‘नेपाल सरकारको तर्फबाट स्थापना गरेका कतिपय संस्थाहरु कसैलाई रोजगारी दिने हिसाबले मात्र स्थापना भएको देखेका छौं । यस्तो काम हुनु हुँदैन् भन्ने कुरा म राख्न चाहन्छु । सरकारबाट लगानी प्रवर्द्धन गर्ने भनेर तयार गरेका कतिपय संस्थाहरु केवल रोजगारी पाउने र विदेश घुम्ने हिसाबको मात्रै भएको छ । यसले गर्दा साच्चिकै लगानी प्रवर्द्धन गर्ने हिसाबले परिणाम दिनुपर्ने संस्थाहरुले त्यो हिसाबले काम गर्न सकेको छैन् ।’ निजी क्षेत्रलाई प्रोत्साहन गरेर लगानी भित्राउनुपर्ने काम एकातिर रहेको भन्दै यसका लागि लगानीकर्ताहरुलाई प्रोत्साहन गर्नुपर्ने बताए । नेपालमा वातावरण नै छैन्, निराशा मात्रै छ भन्ने खालको कुराहरु आएको अवस्थामा निजी क्षेत्रलाई प्रोत्साहन गरेर आर्थिक कारोबार अगाडि बढाउनुपर्ने उनको भनाई छ ।

सोही क्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले उद्योग क्षेत्रको योगदानलाई बढाउने सन्दर्भमा सबैले चिन्तन गर्नुपर्ने भन्दै यसमा सरकारी र निजी क्षेत्र दुवैको महत्वपूर्ण भूमिका रहने बताए । सरकारी पक्षले नीति एवम कानुनमा सुधार गर्ने र सेवा प्रवाह गर्ने हो भने नीजि क्षेत्रले पनि आफूलाई व्यवसायिक बनाउन र उद्यमशिलता विकास गर्न जरुरी रहेको पनि उनको भनाई छ । उनले भने, ‘अगामी दिनमा उद्योग क्षेत्रको योगदानलाई कसरी बढाउने भन्ने सन्दर्भमा सबैले चिन्तन मनन गरेर अगाडि जानुपर्छ । यसमा सरकारी र निजी क्षेत्रको समान महत्वपूर्ण भूमिका छ। सरकारी पक्षले सहजीकरण गर्ने नीति कानूनमा सुधार गर्ने र सेवा प्रवाह गर्ने हो भने नीजि क्षेत्रले पनि आफूलाई नीजिकरण गर्न जरुरी छ।


## Kalika Municipality
## Office of Municipal Executive
Redcrossgram, Chitwan
Bagmati Province

### INVITATION FOR SEALED BIDS

**First date of publication: -** 2082-08-09 B.S (25th November, 2025)

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed Bids from eligible bidders for **“SUPPLY AND DELIVERY OF PRINTERS, TONER CARTRIDGE, BRANDED DESKTOP COMPUTER AND LAPTOPS”,** mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | 03/Goods/NCB/ KM/082/083 | SUPPLY AND DELIVERY OF PRINTERS, TONER CARTRIDGE, BRANDED DESKTOP COMPUTER AND LAPTOPS | 120 days from the day of bid opening, that is (upto 2083-01-25 (25th April, 2026) | 65,000.00 | 3,000.00 |

Last Date of Sealed Bids Submission Date: Before 12 PM on **2082-09-11 B.S (25th December, 2025).**
Sealed Bids Opening Date: At 13:00 PM on **2082-09-11 B.S (25th December, 2025).**
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**